शुभकालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुकाटिया, कालिकोट

कर्णाली प्रदेश नेपाल

## सेवा करारमा IT Officer भर्ना सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/९/२८

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (PLGSP) अन्तर्गत यस कार्यालयमा १ (एक) सूचना प्रविधि अधिकृत (IT Officer) को आवश्यकता रहेकोले, योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(प्रन्ध) दिन भित्र कार्यालय समयमा यस कार्यालयमा दरखास्त आब्हान गरिन्छ ।

तपशिल :

१) विज्ञापन नं. ०३/२०७८/०७९

२) पद : सूचना प्रविधि अधिकृत (IT Officer)

३) आवश्यक संख्या : १(एक)

४) शैक्षिक योग्यता : सूचना प्रविधि अधिकृतको शैक्षिक योग्यता लोक सेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT,BIM BBIS,BCA,BVIS,BEIT,BSC.IT, BSC.CSIT) गरेको उपाधिलाई आधार मानिनेछ ।

५) आवेदन दिने तरिका : आवश्यक कागजात सहित तोकिएको शुल्क कृषि विकास बैंक लिमिटेड सुकाटिया शाखा कालिकोट स्थित यस कार्यालयको नाममा रहेको स्थानीय तह आन्तरिक राजश्व खाता नम्बर ०७२५९०१५३५६६९०५० मा जम्मा गरी भौचर संलग्न राखि ईमेल वा स्वयं उपस्थित भई आवेदन दिन सकिनेछ ।

६) आवश्यक कागजात : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु नेपाल बाहिर बाट शिक्षा हासिल गरेकाहरुको हकमा सो प्रमाण पत्रहरुको नेपालको विश्वविद्यालयबाट Equivalence (समकक्षता) निर्धारण गरिएको प्रमाण पत्र, कार्य अनुभवका प्रमाण पत्रहरु तथा अन्य कागजातहरु ।

७) कार्य शर्तको विवरण (TOR) : प्रादेशिक तथा स्थानीय शासन सहयोग विकास कार्यक्रम (PLGSP) को वेवसाईट plgsp.gov.np को गृह पृष्टमा उल्लेख भएको सूचना बमोजिम हुने ।

८) आवेदन शुल्क : रु. १०००/- (एक हजार मात्र)

९) करार अवधि : २०७९ असार मसान्त सम्म ।

१०) तलब स्केल : नियमानुसार ।

११) आवेदन दिने अन्तिम मिति : २०७८/१०/१२ गते सम्म ।

१२) परिक्षाको किसिम : आवेदन परेका मध्येबाट छोटो सूची (Short List) प्रकाशन पश्चात परिक्षाको मिति तोकिनेछ ।

म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । दरखास्त फारम यस कार्यालयको वेवसाईट www.kalikamunkalikot.gov.np मा रहेको दरखास्त फाराम डाउनलोड गरी भर्न सकिनेछ ।

थप जानकारीका लागि कम्प्यूटर अपरेटर विर कुञ्ज घर्ति मगर सम्पर्क नं. ९८५७८६६६८८,९८६७५९६६८८

ईमेल : ito.kalikamunkalikot@gmail.com,birmagar2050@gmail.com

नोट : सूचनामा उल्लेखित भए बाहेकका अन्य कुराहरुमा प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा रहेको उम्मेद्वार छनौट तथा सिफारिस समितिले गरे बमोजिम हुनेछ ।

केन्द्र बहादुर शाही

नि. प्रमुख प्रशासकीय अधिकृत